# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, वैशाख २१ गते २०६१ साल (अतिरिक्ताङ्क ३ (क)


## भाग ३

श्री ५ को सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले नवलपरासी, रुपन्देही र कपिलवस्तु जिल्लामा विद्यमानरहेको उखडासम्बन्धी समस्याहरू समाधान गर्ने प्रयोजनको लागि उखडासम्बन्धी ऐन, २०२१ र नियमहरू, २०२१ बमोजिम उखडासम्बन्धी काम कारबाही गर्न देहायबमोजिमको एक समिति गठन गरी सोही समितिलाई उखडा अधिकारी तोकी समितिको अधिकार क्षेत्रको प्रयोग र कार्यविधि देहायबमोजिम तोकेको छ ।

१. समितिको गठनः समितिको गठन देहायबमोजिम हुनेछः–

क. श्री ५ को सरकार (मं.प.को ०६०।१०।२९) को निर्णयबमोजिम नियुक्त श्री दिलबहादुर बस्नेत —अध्यक्ष

ख. ३नं.नापी गोश्वाराको प्रमुख वा निजले तोकेको नापी अधिकृत —सदस्य

ग. सम्बन्धित जिल्लाको प्रमुख मालपोत अधिकृत —सदस्य-सचिव

२. अधिकार क्षेत्रको प्रयोगः (१) उखडा अधिकारीको अधिकार क्षेत्रका प्रयोग देहायबमोजिम हुनेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क. अधिकार क्षेत्रको प्रयोग अध्यक्ष र सदस्यहरूले सामूहिक रूपले गर्नेछन् ।

ख. समितिले सर्वसम्मतिको आधारमा मात्र निर्णय गर्नुपर्नेछ ।

(२) समितिले गरेको निर्णय मिसिलहरू सम्बन्धित मालपोत कार्यालयमा र नापी नक्सा सम्बन्धित नापी शाखामा बुझाउनु पर्नेछ ।

(३) यस भन्दा अगाडि आयोग, समिति, मालपोत कार्यालयका अधिकारीले हेरी बाँकी रहेका उखडासम्बन्धी सबै काम कारवाही यसै समितिले हेर्नेछ ।

३. समितिको कार्यावधिः समितिको कार्यावधि काम शुरु गरेका मितिदेखि ८ महीनाको हुनेछ ।

आज्ञाले,
विजयराज भट्टराई
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

1250